विराटनगर महानगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड ८) विराटनगर, पुस ०७ गते, २०८२ साल (संख्या ९

## भाग २

## विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

### सूचना

**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि**

प्रस्तावनाः मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण गर्न र त्यस्तो कार्यबाट पीडित व्यक्तिको संरक्षण तथा

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

पुनर्स्थापना गर्न स्थानीय तहमा एक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन गर्न वाञ्छनीय भएकोले,

विराटनगर महानगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :- (१) यस कार्यविधिको नाम "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपप्रमुख" भन्नाले विराटनगर महानगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

सञ्चालन) कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(ग) “कोष” भन्नाले लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ।

(घ) “नगर कार्यपालिका” भन्नाले विराटनगर महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ङ) “प्रमुख” भन्नाले विराटनगर महानगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(छ) “पालिकास्तरीय समिति” भन्नाले दफा ३ बमोजिम गठित पालिकास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति सम्झनु पर्दछ ।

(ज) “वडास्तरीय” समिति भन्नाले दफा ५ बमोजिम गठित वडास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति समिति सम्झनु पर्दछ ।



विराटनगर महानगरपालिकाको स्थानीय राजपत्र

## परिच्छेद-२

## पालिकास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको गठन, काम, कर्तव्य र अधिकार

३. पालिकास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको गठनः (१) मानव बेचबिखन तथा ओसारपसार गर्ने कार्यलाई नियन्त्रण र पीडित व्यक्तिको संरक्षण र पुनःस्थापना गर्न देहाय बमोजिमका संयोजक र सदस्य रहेको एक पालिकास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति रहनेछः

(क) महानगरपालिका प्रमुख -संयोजक

(ख) उपप्रमुख एवं न्यायिक समितिको संयोजक -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ) स्थानीय प्रहरी कार्यालयका प्रतिनिधि -सदस्य

(च) नगर बाल सञ्जालको अध्यक्ष -सदस्य



विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(छ) स्थानीय तहमा सम्बन्धित क्षेत्रमा क्रियाशिल संघ-संस्थाका प्रतिनिधि १ जना महिलासहित २ जना -सदस्य

(ज) मानव बेचबिखन तथा ओसारपसार पिडित तथा प्रभावित व्यक्ति -सदस्य

(झ) महिला, बालबालिका तथा समाज कल्याण शाखा प्रमुख/सामाजिक विकास महाशाखा प्रमुख -सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार कार्य योजना आफै तय गर्न सक्नेछ ।

(३) समितिले आवश्यकतानुसार विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक वार्षिक न्यूनतम ३ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।

(५) समितिको बैठक भत्ता प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: पालिकास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध नगर तथा वडामा अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने,

(ग) पीडितको सहायताका लागि आवश्यक अन्तरक्रिया तथा अन्तरस्थानीय तहसँग समन्वय, सहकार्य र सिफारिस गर्ने,

(घ) सुरक्षा आवास गृहको अनुगमन निरिक्षण गर्ने (Safe House Monitoring),

(ङ) मानव बेचबिखन विरुद्धको कोष स्थापना र सञ्चालन गर्ने,

(च) स्थानीय जनप्रतिनिधि, नागरिक समाज तथा सरोकारवालाहरुलाई मानव बेचबिखन तथा ओसारपसार विरुद्धका विषयमा प्रशिक्षण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

विराटनगर महानगरपालिकाको स्थानीय राजपत्र

(छ) अन्य सरकारी तथा गैर-सरकारी संघ-संस्था निकाय, गैसस तथा निजी क्षेत्रसँग सहकार्य समन्वय गर्ने,

(ज) स्थानीय प्रहरीहरुसँग समन्वय गरी विद्यालय स्तरमा मानव बेचबिखनका कार्यक्रम सञ्चालन गर्ने,

(झ) प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानव बेचबिखन विरुद्धको वडा स्तरीय समिति गठन र परिचालन तथा सवलीकरण गर्ने,

(ञ) सीप विकास तालिम/आय आर्जनका कार्यक्रम, औषधी उपचार, बिउपुँजी आदि उपलब्ध गराउने,

(ट) महाशाखा/शाखा का क्रियाकलाप सञ्चालन गर्दा अन्तर सम्बन्धित मुद्दालाई(Cross Cutting Issues) सम्बोधन गरी कार्यक्रम सञ्चालन गर्ने ।

विराटनगर महानगरपालिकाको स्थानीय राजपत्र

## परिच्छेद-३

## वडास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको गठन, काम, कर्तव्य र अधिकार

५. **वडास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको गठनः** (१) देहाय बमोजिमका संयोजक र सदस्य रहेको एक वडास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति रहनेछः

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा महिला सदस्य -सदस्य

(ग) वडा दलित महिला सदस्य -सदस्य

(घ) वडा बालक्लवको प्रतिनिधि एक जना बालिका सहित दुई जना -सदस्य

(ङ) वडाले तोकेको सामुदायिक/निजी विद्यालयको एक जना महिलासहित दुई जना शिक्षक -सदस्य

(च) आधारभूत स्वास्थ्य सेवा केन्द्रका स्वास्थ्यकर्मी -सदस्य

(छ) स्थानीय प्रहरी कार्यालयका प्रतिनिधि -सदस्य

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

(ज) स्थानीय तहमा क्रियाशिल संघ-संस्थाका प्रतिनिधि -सदस्य

(झ) मानव बेचबिखन तथा ओसारपसार पिडित व्यक्तिहरु मध्येबाट सम्बन्धित स्थानीय तहले मनोनित गरेको एक जना सदस्य(उपलब्ध भएसम्म) -सदस्य

(ञ) वडा सचिव -सदस्य सचिव

(२) वडास्तरीय समितिको बैठक वार्षिक न्यूनतम तीन पटक र आवश्यकतानुसार सोभन्दा बढि पनि बस्न सक्नेछ साथै आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रणा गर्न सक्नेछ ।

६. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> वडास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध आफ्नो कार्य क्षेत्रभित्र अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) आफ्नो कार्य क्षेत्रभित्र पीडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै पीडितको सहायताका लागि आवश्यक कार्य गर्ने,

(ग) वडामा रहेका संघ-संस्था, विद्यालय, आमा समूहहरुसँग समन्वय गरी कार्यक्रम गर्ने,

(घ) बेचबिखनका घटना हुन नदिन सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ङ) बेचबिखन हुन लागेको थाहा पाएमा नजिकको प्रहरी कार्यालयमा जानकारी गराउने,

(च) बेचबिखनबाट फर्किएकाहरुका लागि सीपमूलक तालिम सञ्चालन गर्ने।

## परिच्छेद-४

## विविध

७. समितिको खर्चः- विराटनगर महानगरपालिकामा स्थापना भएको लैङ्गिक हिंसा निवारण कोषबाट समितिको खर्च व्यवस्थापन गरिनेछ ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

८. खारेजी र बचाऊः (१) यस कार्यविधिको व्याख्या गर्ने, संशोधन गर्ने र खारेज गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकामा निहित रहेको छ ।

(२) यस कार्यविधिमा उल्लेखित विषय संघीय सरकार र कोशी प्रदेश सरकारले बनाएको कानून र अन्य प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले,
योगेन्द्र प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत
विराटनगर महानगरपालिका।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र